प्रयाप्त वर्षा नहुँदा ८५ प्रतिशत खेतबारीमा रोपाइँ नगरिएको तथा १५ प्रतिशत गरिएको रोपाइँ पनि सुकेर नष्ट भएपछि स्थानीय सरकारले गत साउन तथा राहत वितरणका व्यवस्थाका लागि लुम्बिनी प्रदेश सरकार र सङ्घीय सरकारलाई सिफारिस गर्ने निर्णय गरेको समितिले जनाएको छ।

# निर्वाचन आयोग, नेपाल

निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

## स्थानीय तह निर्वाचन, २०७९ को नगर कार्यपालिका, गाउँ कार्यपालिका र जिल्ला समन्वय समितिमा उम्मेदवार भई कानूनले तोकेको समयावधि ३० (तीस) दिनभित्र निर्वाचन खर्चको विवरण पेस गर्ने उम्मेदवारहरूले खर्चको विवरण सार्वजनिक गर्ने सम्बन्धी

## अत्यन्त जरुरी सूचना

**प्रकाशन मिति : २०७९।५।२३**

स्थानीय तहको नगर कार्यपालिका, गाउँ कार्यपालिका र जिल्ला समन्वय समितिको निर्वाचनमा उम्मेदवारी दिई निर्वाचित वा पराजित भई निर्वाचन आयोग ऐन, २०७३ को दफा २५ बमोजिम निर्वाचनको अन्तिम परिणाम प्रकाशित भएको मितिले ३० (तीस) दिनभित्र निर्वाचन खर्चको विवरण पेस गर्ने उम्मेदवारहरूलाई निर्वाचनमा भएको खर्चको विवरण निर्वाचन (कसुर तथा सजाय) ऐन, २०७३ को दफा ३१ को उपदफा (४) बमोजिम नगर कार्यपालिका र गाउँ कार्यपालिकाको उम्मेदवारहरूले आफू उम्मेदवार भएको स्थानीय तहको कार्यालयमा र जिल्ला समन्वय समितिका उम्मेदवारहरूले आफू उम्मेदवार भएको जिल्ला समन्वय समितिको कार्यालयमा ७ (सात) दिनभित्र सार्वजनिक गरी सोको जानकारी जिल्लाको प्रदेश वा जिल्ला निर्वाचन कार्यालयलाई वा निर्वाचन आयोग नेपालमा उपलब्ध गराई दिनुहुन यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

निर्वाचन आयोग ऐन, २०७३ को दफा २५ बमोजिम स्थानीय तहको नगर कार्यपालिका, गाउँ कार्यपालिका र जिल्ला समन्वय समितिको निर्वाचनमा निर्वाचनको अन्तिम परिणाम प्रकाशित भएको मितिले ३० (तीस) दिनभित्र निर्वाचन खर्चको विवरण पेस गर्ने उम्मेदवारहरूको नाम नामेसी सहितको विवरण आयोगको वेबसाइट www.election.gov.np मा, सम्बन्धित निर्वाचन कार्यालयको वेबसाइटमा र जिल्लाको जिल्ला निर्वाचन कार्यालयको सूचना पाटीमा समेत टाँस गरिएको हुँदा सूचना पाटी र वेबसाइटहरूमा हेर्नसकिने व्यहोरासमेत सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

विस्तृत विवरण परिषद् परीक्षा नियन्त्रण कार्यालयको वेबसाइट
कार्यालयको वेबसाइट ctevtkarnali.org.np मा हेर्नुहुन अनुरोध छ।

राष्ट्रिय दैनिक गोरखापत्र

**निर्देशक**

# निर्वाचन आयोग, नेपाल

निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

## स्थानीय तह निर्वाचन, २०७९ को नगर कार्यपालिका, गाउँ कार्यपालिका र जिल्ला समन्वय समितिको निर्वाचनमा उम्मेदवार भई कानूनले तोकेको समयावधि ३० (तीस) दिन भित्र निर्वाचन खर्चको विवरण पेस नगर्ने उम्मेदवारहरूका नाउँमा सात दिनभित्र सफाइ सहितको स्पष्टीकरण पेस गर्ने सम्बन्धी

## अत्यन्त जरुरी सूचना

**प्रकाशन मिति : २०७९।५।२३**

निर्वाचन आयोग ऐन, २०७३ को दफा २५ बमोजिम राजनीतिक दल वा उम्मेदवारले निर्वाचनको अन्तिम परिणाम प्रकाशित भएको मितिले ३० दिनभित्र निर्वाचनमा भएको खर्चको बिल भरपाई सहित आयोगले तोकेको कार्यालयमा पेस गर्नुपर्ने, स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ६४ को उपदफा (४) बमोजिम निर्वाचन खर्चको विवरण दल वा उम्मेदवारले निर्वाचन परिणाम घोषणा भएको मितिले ३० (तीस) दिनभित्र बुझाउनुपर्ने, स्थानीय तह निर्वाचन नियमावली, २०७३ को नियम ४० बमोजिम उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधिले निर्वाचनको अवधिमा निर्वाचनमा भएको सम्पूर्ण खर्चको विवरण तोकिए बमोजिमको ढाँचामा निर्वाचन परिणाम घोषणा भएको मितिले ३० (तीस) दिनभित्र सम्बन्धित प्रदेश वा जिल्ला निर्वाचन कार्यालयमा बुझाउनुपर्ने कानूनी व्यवस्था गरेको छ।

स्थानीय तह निर्वाचन, २०७९ को नगर कार्यपालिका, गाउँ कार्यपालिका र जिल्ला समन्वय समितिमा उम्मेदवारी दिई तोकिएको समयावधिभित्र निर्वाचन खर्चको विवरण नबुझाउने र तोकिएको समयावधि समाप्त भएपछि निर्वाचन खर्चको विवरण बुझाउने उम्मेदवारहरूलाई तोकिएको समयावधिभित्र के-कुन कारणले निर्वाचन खर्चको विवरण नबुझाउनु भएको हो ? तोकिएको समयावधिभित्र निर्वाचन खर्चको विवरण नबुझाएकोमा तपाईंहरूलाई निर्वाचन आयोग ऐन, २०७३ को दफा २६ बमोजिम किन कारबाही हुनु नपर्ने हो ? सो सम्बन्धमा निर्वाचन आयोग ऐन, २०७३ को दफा २६ को उपदफा (४) बमोजिम आफ्नो सफाइ सहितको स्पष्टीकरण ७ (सात) दिनभित्र सम्बन्धित प्रदेश वा जिल्ला निर्वाचन कार्यालय वा निर्वाचन आयोग नेपालमा पेस गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ।

स्थानीय तह निर्वाचन, २०७९ को नगर कार्यपालिका, गाउँ कार्यपालिका र जिल्ला समन्वय समितिमा उम्मेदवारी दिई निर्वाचन खर्चको विवरण नबुझाउने र कानूनले तोकेको समयावधि समाप्त भइसकेपछि निर्वाचन खर्चको विवरण बुझाउने उम्मेदवारहरूको नाम नामेसी सहितको विवरण आयोगको वेबसाइट www.election.gov.np मा, सम्बन्धित निर्वाचन कार्यालयको वेबसाइटमा र सो कार्यालयको सूचना पाटीमा समेत टाँस गरिएको हुँदा सूचना पाटी र वेबसाइटहरूमा हेर्नसकिने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

प.सं. च.नं./Ref: १२६।०७९।८०

(कानून तथा राजनीतिक दल व्यवस्थापन महाशाखा)

मितिः२०७९/५/२२

विषयः-निर्णय बमोजिम गर्नु गराउनु हुन।

श्री प्रदेश निर्वाचन कार्यालय (सबै),
श्री जिल्ला निर्वाचन कार्यालय (सबै)।

उपर्युक्त सम्बन्धमा आयोगको मिति २०७९/५/१४ को बैठकबाट देहाय बमोजिम गर्ने निर्णय भएको हुँदा निर्णय बमोजिम गर्नु गराउनु हुन अनुरोध छ।

देहाय

(१) स्थानीय तह सदस्य निर्वाचन, २०७९ को नगर कार्यपालिका र गाउँ कार्यपालिकाको निर्वाचनमा उम्मेदवारी दिई निर्वाचित वा पराजित भई निर्वाचन आयोग ऐन, २०७३ को दफा २५ बमोजिम निर्वाचनको अन्तिम परिणाम प्रकाशित भएको मितिले ३० (तीस) दिन भित्र निर्वाचन खर्चको विवरण पेश गर्ने यसै साथ संलग्न सूची बमोजिमका ८०३ जना र जिल्ला समन्वय समितिको निर्वाचनमा उम्मेदवारी दिई निर्वाचित वा पराजित भई निर्वाचन आयोग ऐन, २०७३ को दफा २५ बमोजिम निर्वाचनको अन्तिम परिणाम घोषणा भएको मितिले ३० (तीस) दिन भित्र निर्वाचन खर्चको विवरण पेश गर्ने यसै साथ संलग्न सूची बमोजिमका २४१ जना उम्मेदवारहरुलाई निर्वाचनमा भएको खर्चको विवरण निर्वाचन (कसुर तथा सजाय) ऐन, २०७३ को दफा ३१ को उपदफा (४) बमोजिम नगर कार्यपालिका र गाउँ कार्यपालिकाको उम्मेदवारहरुले आफू उम्मेदवार भएको स्थानीय तहको कार्यालयमा र जिल्ला समन्वय समितिका उम्मेदवारहरुले आफू उम्मेदवार भएको सम्बन्धित जिल्ला समन्वय समितिको कार्यालयमा गोरखापत्रमा सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र सार्वजनिक गरी सोको जानकारी प्रदेश तथा जिल्ला निर्वाचन कार्यालयलाई उपलब्ध गराउन निर्देशन दिई निर्वाचन खर्चको विवरण सार्वजनिक गर्ने व्यहोराको सूचना राष्ट्रिय दैनिक गोरखापत्रमा प्रकाशन गर्ने,

(२) प्रकरण नं. १ बमोजिम सात दिनभित्र सम्बन्धित उम्मेदवारले निर्वाचन खर्चको विवरण सावर्जनिक गरेको जानकारी प्राप्त भए पछि त्यसरी निर्वाचन खर्चको विवरण सार्वजनकि गर्ने उम्मेदवारको नाम थर, स्थानीय तह, उम्मेदवार भएको पद र निर्वाचन खर्चको विवरण सार्वजनिक गरेको मिति सहितको एकीकृत विवरण तयार गरी यथाशिघ्र आयोगको इमेल(ecn.ppm.election@gov.np) मा पठाउन सबै निर्वाचन अधिकारीहरुलाई निर्देशन दिने,

(३) निर्वाचन आयोग ऐन, २०७३ को दफा २५ बमोजिम राजनीतिक दल वा उम्मेदवारले निर्वाचनको अन्तिम परिणाम प्रकाशित भएको मितिले ३० (तीस) दिनभित्र निर्वाचनमा भएको खर्चको बील भर्पाइसहित आयोगले तोकेको

कार्यालयमा पेश गर्नु पर्ने व्यवस्था, स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ६४ को उपदफा (४) बमोजिम निर्वाचन खर्चको विवरण दल वा उम्मेदवारले निर्वाचन परिणाम घोषणा भएको मितिले ३० (तीस) दिनभित्र बुझाउनु पर्ने व्यवस्था र स्थानीय तह निर्वाचन नियमावली, २०७३ को नियम ४० बमोजिम उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधिले निर्वाचनको अवधिमा निर्वाचनमा भएको सम्पूर्ण खर्चको विवरण तोकिए बमोजिमको ढाँचामा निर्वाचन परिणाम घोषणा भएको ३० (तीस) दिन भित्र सम्बन्धित जिल्ला वा प्रदेश निर्वाचन कार्यालयमा बुझाउनु पर्ने कानूनी व्यवस्था बमोजिम स्थानीय तह सदस्य निर्वाचन, २०७९ को नगर कार्यपालिका, गाउँ कार्यपालिका र जिल्ला समन्वय समितिको निर्वाचनमा भाग लिंई तोकिएको समयावधि भित्र निर्वाचन खर्चको विवरण नबुझाउने नगर कार्यपालिका र गाउँ कार्यपालिकाका ८,३९८ जना, जिल्ला समन्वय समितिका ७६१ जना गरी जम्मा ९,१५९ जना उम्मेदवारहरुलाई र तोकिएको समयावधिपछि नगर कार्यपालिका र गाउँ कार्यपालिकाको निर्वाचन खर्चको विवरण बुझाउने ९४ जना र जिल्ला समन्वय समितिका २४ जना गरी जम्मा १,१८ जना समेत गरी कूल जम्मा ९,२७७ जना आयोगको वेवसाइटमा नामावली विवरण भएका उम्मेदवारहरुलाई तोकिएको समयावधिभित्र के कुन कारणले निर्वाचन खर्चको विवरण नबुझाएको हो? तोकिएको समयावधिभित्र निर्वाचन खर्चको विवरण नबुझाएकोमा तपाईहरुलाई निर्वाचन आयोग ऐन, २०७३ को दफा २६ बमोजिम किन कारवाही हुनु नपर्ने हो? भनी सोही ऐनको सोही दफाको उपदफा (४) बमोजिम आफ्नो सफाई सहितको स्पष्टीकरण गोरखापत्रमा सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र सम्बन्धित जिल्लाको जिल्ला तथा प्रदेश निर्वाचन कार्यालयमा पेश गर्न आदेश दिने,

(४) प्रकरण नं. ३ मा उल्लेखित सफाइ सहितको स्पष्टीकरण पेश गर्ने सम्बन्धी सूचना राष्ट्रिय दैनिक गोरखापत्रमा प्रकाशन गर्ने,

(५) स्थानीय तह सदस्य निर्वाचन, २०७९ को नगर कार्यपालिका, गाउँ कार्यपालिका र जिल्ला समन्वय समितिको निर्वाचनमा भाग लिई निर्वाचन खर्चको विवरण कानूनद्वारा तोकिएको समयमा नबुझाउने ९,२७७ जना उम्मेदवारहरुको नाम नामेशी सहित आफ्नो सफाइ सहितको स्पष्टीकरण पेश गर्ने सम्बन्धी सूचना र विवरण आयोगको Website मा प्रकाशन गर्ने र सो नाम नामेशी सहितको स्पष्टीकरण माग गरिएको सूचना र सोको विवरण सूचना प्रविधि शाखाले ७७ वटै जिल्लाको जिल्लागत रुपमा अलग अलग तयार गरी त्यसरी तयार गरिएको जिल्लागत नाम नामेशी सहितको विद्युतीय विवरण सम्बन्धित जिल्लाको जिल्ला तथा प्रदेश निर्वाचन कार्यालयमा यथाशिघ्र पठाउने,

(६) प्रकरण नं. (५) बमोजिम पठाइएको नाम नामेशी सहितको स्पष्टीकरण माग गरिएको सूचना सहितको विवरण सम्बन्धित निर्वाचन कार्यालयले आफ्नो कार्यालयको Website मा राखी आफ्नो कार्यालयमा सबैले देख्ने गरी प्रकाशन गरी सोको मुचुल्का खडा गर्ने र निर्वाचन कार्यालयले सूचना प्रविधि शाखाबाट प्राप्त हुने सो नाम नामेशी सहितको स्पष्टीकरण माग गरिएको सूचना सहितको विवरण स्थानीय तहगत रुपमा तयार गरी सम्बन्धित स्थानीय तह र जिल्ला समन्वय समितको कार्यालयमा विद्युतीय प्रति पठाई सम्बन्धित स्थानीय तह, जिल्ला समन्वय समितिको कार्यालयको Website मा र ती कार्यालयमा सबैले देख्ने गरी सो नाम नामेशी विवरण प्रकाशन गरी सोको रित

पुर्वकको मुचुल्का निर्वाचन कार्यालयमा पठाइदिन अनुरोध गरी सम्बन्धित स्थानीय तह र जिल्ला समन्वय समितिको कार्यालयलाई पत्राचार गर्नु भनी सबै निर्वाचन अधिकारीहरुलाई निर्देशन दिने,

(७ प्रकरण नं. ६ बमोजिम निर्वाचन खर्चको विवरण तोकिएको समयमा नबुझाउने र तोकिएको समयावधि व्यतित भए पछि बुझाउने उम्मेदवारहरुको नाम नामेशी सहित स्पष्टीकरण माग गरिएको सूचना र सो सम्बन्धी विवरण र प्रकाशन गरेको मुचुल्का स्थानीय तह र जिल्ला समन्वय समितिबाट माग गरी सो मुचुल्का र निर्वाचन कार्यालयले स्पष्टीकरण माग गरेको सूचना र सो सम्बन्धी विवरण प्रकाशन गर्दा तयार गरेको मुचुल्का आयोगको इमेल (ecn.ppm.election@gov.np) मा यथाशिघ्र पठाउन सम्बन्धित जिल्लाका निर्वाचन अधिकारीहरुलाई निर्देशन दिने,

(८) प्रस्तुत निर्णयको आधारमा थप हुन जाने प्रशासनिक, प्राविधिक र व्यवस्थापकीय कार्यचापलाई दृष्टिगत गरी कार्यप्रणालीलाई सहज बनाउनका निमित्त आवश्यकता अनुसार थप जनशक्तिको व्यवस्था गरी जिम्मेवारी तोकी समयमा नै कार्य सम्पन्न गर्नका लागि आयोगको सचिवालयलाई निर्देशन दिने,

(९) प्रकरण नं. १. र ६. बमोजिमका उम्मेदवारहरुको विवरण तयार गर्ने कर्मचारीले दस्तखत गरी पेश गर्ने व्यवस्था गर्ने र सोको विवरण प्रमाणित गरी अभिलेख राख्न कानून तथा राजनीतिक दल व्यवस्थापन महाशाखा प्रमुखलाई जिम्मेवारी दिने।

पुनश्च: यस सम्बन्धी सूचना राजधानी दैनिक गोरखापत्रमा मिति २०६९।७।२३ गते प्रकाशित हुनेछ।

२०६९।७।२२
..............
(गुरु प्रसाद वाग्ले)
उपन्यायाधिवक्ता

**बोधार्थ:**

सूचना प्रविधि शाखा,

कान्तिपथ काठमाण्डौं-तहाँ शाखासँग सम्बन्धित निर्णय व्यहोरा कार्यान्वयन हुन।